म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ८५ बिहीबार १५ कात्तिक २०८१ ने. सं. ११४४ कौलागा 31 October 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**हार्दिक शुभकामना**

२०८१ सालका शुभ दीपावली, नेपाल सम्वत्,
छठ पर्व तथा तुलसी विवाहसमेतको शुभ उपलक्ष्यमा
सम्पूर्ण पाठकवृन्द, विज्ञापनदाता, शुभेच्छुक र
बिक्रेताहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र दीर्घायूका
लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

*साथै, तिहार बिदाका कारण साझाकुराको अर्को अंक कात्तिक २१ गते प्रकाशित हुने जानकारी गराउँदछौं ।*

सरला खनाल (सम्पादक) एवम्
साझाकुरा राष्ट्रिय दैनिक, परिवार
हेटौंडा-१, चौकीटोल

# मनहरीमा चामल गायब पार्ने फर्मलाई ७० हजार जरिवाना

साझाकुरा संवाददाता

हेटौंडा, १४ कात्तिक/ मकवानपुरको पश्चिमीक्षेत्रस्थित मनहरी बजारबाट चामल गायब पार्ने मंगलमय ट्रेडर्सलाई मनहरी गाउँपालिका कार्यालयले जरिवाना गराउने निर्णय गरेको छ ।

मनहरी गाउँपालिकाले अनुगमन टोलीले शिल गरेको चामल गायब बनाएकोले मनहरी बजारको मंगलमय ट्रेडर्सलाई ७० हजार रुपैयाँ जरिवाना तिराउने र २४ घण्टाभित्र हराएको चामल ल्याएर गोदाममा राख्न निर्देशन दिएको छ । गाउँपालिकाले चामल प्रचलित मापदण्डविपरित भएकाले ५० हजार र चामलको बिक्रीबितरण, ओसार पसार रोक्का गरिएकामा त्यसको अबज्ञा गरी अटेर गरेकाले २० हजार गरी ७० हजार जरिवाना गराउने निर्णय गरेको प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदीले जानकारी दिए ।

जनस्वास्थ्यमा खेलवाड गर्न कसैलाई पनि छुट नभएको भन्दै गाउँपालिकाले नियमबिपरित गर्ने ब्यापारिक फर्मलाई कारवाही गरेको बताइएको छ । खाद्यान्ह जस्तो सम्बेदनशील कुरामा गैरजिममेवारी काम गर्न नहुने र प्रशासनले शिल गरेको अवस्थामा शिल तोडेर चामल गायब बनाउने घटना गैरकानूनी भएको बताइएको छ । स्थानीय प्रशासनले शिल गरेको ठाउँमा कानूनी प्रक्रियामा जानुपर्ने अवस्थामा आफैंले शिल तोडेर चामल लुकाउने काम आफैंमा गंभीर अपराध भएको गाउँपालिकाले जनाएको छ ।



मंगलमय ट्रेडर्सले बुधवार नै गाउँपालिका कार्यालयको खातामा ७० हजार जरिवाना तिरेको गाउँपालिका कार्यालयले जनाएको छ । ट्रेडर्सलाई रोक्का गरिएको चामल दाखिला गर्न पत्रमार्फत् निर्देशन दिइएको छ । चामलको नमूना जाँच गर्नुपर्ने भएकाले दाखिला गर्न भनिएको छ । अनुगमन टोलीले शिल गरेको चामल गायब पारिएको समाचार साझाकुराले बुधबार प्रकाशित गरेको थियो । समाचार प्रकाशन भएको केही घण्टा भित्रै गाउँपालिका एक्सनमा उत्रिएको हो ।

६ असोज ०८१ मा गाउँपालिका कार्यालय, जिल्ला प्रशासन कार्यालय, खाद्यप्रविधि तथा गुणनियन्त्रण कार्यालयसहितको अनुगमन टोलीले शिल गरेको ६० बोरा चामल गायब पारिएको थियो । १२ कार्तिक सोमबार परीक्षणका लागि चामल नमूना लिन पुगेको खाद्यको टोलीले शिल गरिएको चामल गोदाम रित्तै देखेपछि कारबाही गर्न गाउँपालिकालाई अनुरोध गरेको हो । गाउँपालिकाले यति छिटो ब्यवसायिक फर्मलाई कारबाही गरेको विषयमा भने स्थानीय प्रशासनले सकारात्मक मानेको छ ।

यसअघि ओम कैलाश ब्राण्डका ५३ बोरा र लक्ष्मी राइस मिलबाट उत्पादित ७ बोरा चामल बिक्री बितरण र उपभोग गर्न प्रशासन र गाउँपालिका आफैंले शिल गरेको थियो । यी दुईवटा ब्राण्डका चामलका बोरामा उपभोग्य मिति, उत्पादन मिति र ब्याच नं. समेत नभेटिएपछि चामल शिल गरिएको अनुगमन मुचुल्कामा उल्लेख छ ।

एक महिनाअघि नै शिल गरिएको चामलको सोमबार मात्रै नमूना संकलनका लागि मनहरी गाउँपालिकाको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय, खाद्यप्रविधि तथा गुणनियन्त्रण कार्यालय, इलाका प्रहरी कार्यालय मनहरीको टोली पुगेको थियो । नमूना संकलनका लागि जाँदा यसअघि नै शिल तोडेर चामल गायब पारिएको पत्ता लागेको हो ।

# आज लक्ष्मीपूजा, घरघरमा भब्य दीपावली गरिँदै



साझाकुरा संवाददाता

हेटौंडा, १४ कात्तिक/ नेपालीको दोस्रो ठूलो चाड तिहारको तेस्रो दिन आज साँझ ऐश्वर्य, धनधान्य र सम्पन्नताकी देवी लक्ष्मीमाताको पूजाआराधना गरी श्रद्धाभक्तिपूर्वक लक्ष्मीपूजा गरी मनाइँदैछ ।

सफासुग्घर र लिपपोत नगरिएको घरमा लक्ष्मीले बास गर्दिनन् भन्ने मान्यताकाआधारमा लक्ष्मीपूजाको दिन बिहानै घर सफासुग्घर र लिपपोत गरी साँझ दीपावली गरेर लक्ष्मीमातालाई आमन्त्रण गर्ने गरिन्छ । विशेषगरी घरआँगन, झ्यालढोका, चोटाकोठा, संघार, कौसी, अटाली, मटान, भऱ्याङलगायत स्थानमा सरसफाइ गरी साँझ दीपावली गरिन्छ ।

लक्ष्मीपूजा गरिने कात्तिक कृष्णऔंशीको रातलाई सुखरात्रि भनिन्छ । लक्ष्मीपूजाका लागि साँझ आँगनदेखि मूलढोका हुँदै लक्ष्मीमाता स्थापना गरी पूजागर्ने चलन छ । कोठासम्म गाईको गोबर र रातोमाटोले लिपपोत गरेर चामलको पीठो र अबीरले लक्ष्मीमाताको पाइला बनाई लक्ष्मी आउने बाटो देखाइन्छ । पाइलैपिच्छे केराको सुत्लो अथवा माटाको पालामा दीप प्रज्वलन गरी झिलीमिली बनाइन्छ ।

दीपावली गरिसकेपछि पूजाकोठामा दियो, कलश र गणेश सहित लक्ष्मी स्थापना गरेर गर गहना, पैसा, धान, चामल, फलफूल, सेलरोटी र फूलमाला चढाई विधिपूर्वक लक्ष्मीमाताको पूजा गर्ने चलन रहेको संस्कृतिविद् रामचन्द्र आचार्य 'फुर्सती' बताउँछन् । लक्ष्मीपूजापछि कन्याकेटी वा छोरीचेलीलाई लक्ष्मीको प्रतीक मानी टीका लगाएर दानदक्षिणा दिने चलन रहेको फुर्सतीले जानकारी दिए । लक्ष्मीपूजाको दिन घर, पसल, बयवसायिक प्रतिष्ठानमा लक्ष्मीपूजा गरेपछि धनदौलत वा अन्य सामान घरबाहिर पठाए लक्ष्मी बाहिर जान्छिन् भन्ने धार्मिक विश्वास रहेको छ ।

लक्ष्मीपूजा सन्ध्याकालमा गीरनछ । मध्यरातमा घरका नारीले नाङ्लो ठटाएर 'अलक्ष्मी भागोस्, लक्ष्मी र धनधान्यको आगमन होस्' भनी कामना गर्ने शास्त्रीय विधि रहेको संस्कृतिविद् फुर्सतीले जानकारी दिए । साँझ युवायुवतीहरु समूह बनाई घर-घरमा भैलो खेल्छन् । भगवान् विष्णुले यमपञ्चकको पाँचदिन स्वर्ग, मर्त्य र पाताल तीनै लोकको शासन गर्ने वरदान पाएका बलिराजाले भलो होस् भनी घरघरमा गाउन लगाएको सम्झनामा भैलो खेल्ने गरिएको मान्यता रही आएको छ ।

भैलो खेल्न आउनेलाई धान, चामल, फूलमाला, पैसा र सेलरोटी दिइन्छ । भैलो खेल्न आउनेलाई दिइने दान कात्तिकको दान भएकाले नदिएमा राम्रो नहुने र दिएमा पुण्य प्राप्त हुने धार्मिक मान्यता रहेको छ । लक्ष्मीपूजाका अवसरमा दीपावली गरी झिलीमिली बनाइन्छ ।

# थाहामा सहकारी संचालन समन्वय समिति गठन, अध्यक्षमा विष्ट



साझाकुरा संवाददाता

हेटौंडा, १४ कात्तिक/ मकवानपुर थाहा नगरपालिकामा क्रियाशील सहकारीको साझा समन्वय समिति गठन गरिएको छ । नगर क्षेत्रभित्र रहेका सहकारी संस्थाको प्रतिनिधित्व हुने गरी १३ कार्तिकमा थाहानगर सहकारी संचालन समन्वय समिति गठन गरिएको हो ।

नगरप्रमुख विष्णुबहादुर विष्ट तथा उपप्रमुख भरत गोपालीको विशेष उपस्थितिमा नगरपालिकामा आयोजित सहकारी संस्थाको अध्यक्ष तथा प्रतिनिधिको बैठकले समन्वय समिति गठन गरिएको सहकारी शाखाप्रमुख अस्मिता तिवारीले जानकारी दिइन् ।

समन्वयको समितिको संयोजकमा पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको अध्यक्ष कृष्णबहादुर बिष्ट चयन भएका छन् । समितिको सदस्यमा शिखर बचत तथा ऋण सहकारी संस्था लि.का मनोज रायमाझी, दामन कृषि सहकारीका रामशरण केसी, चेतनशील महिला बचत तथा ऋण सहकारीबाट शकुन्तला गोपाली, कुटेश्वर महिला सहकारीकी कालीदेवी गोले, ग्रामीण पर्यटन व्यावसायी सहकारीबाट शिवहरि बर्तौला, भालेश्वर कृषि सहकारीका दीपक गोपाली र सुन्तलाबारी कृषि सहकारीका क्षेत्रबहादुर आलेमगर रहेका छन् ।

थाहा नगरप्रमुख बिष्ट, उपप्रमुख गोपाली, प्रशासन महाशाखा प्रमुख नवीन खालिङको उपस्थितिमा भएको बैठकमा निर्माणाधीन थाहा शीतभण्डार संचालनमा ल्याउन विशिष्टिकृत सहकारी संस्था निर्माण गर्ने विषयमा छलफल भएको थियो । बैठकमा सहकारी संस्थाले समष्टिगत विवरण यथासक्य छिटो भर्ने प्रतिवद्धता जनाएका थिए ।

सहकारीकर्मीको लागि नगरपालिका र सहकारीको समन्वयमा विविध क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको छ । यसअघि पनि थाहानगरमा महेश्वर सुवेदीको अध्यक्षतामा थाहानगर सहकारी सञ्जाल गठन भएको थियो ।

# हेटौंडा सिमेन्टले विद्युत बक्यौता महसुल तिर्न तयार

साझाकुरा संवाददाता

हेटौंडा, १४ कात्तिक/ सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योगले डेडिकेटेड र ट्रंकलाईन उपभोग बापतको विद्युत महशुल किस्तावन्दीमा बुझाउनका लागि तयार भएको छ । सरकारी स्वामित्वका दुई सिमेन्ट उद्योग हेटौंडा सिमेन्ट र उदयपुर सिमेन्ट उद्योगले ट्रंक तथा डेडिकेटेड फिडरको बक्यौता महशुल तिर्न तयार भएका हुन् ।

दुवै उद्योगले नेपाल विद्युत् प्राधिकरणले निर्धारण गरेको प्रिमियम महशुलको बक्यौता किस्ताबन्दीमा तिर्न निवेदन दिएका हुन् । हेटौंडा सिमेन्टको ३३ करोड ८० लाख ८६ हजार र उदयपुर सिमेन्टको ४४ करोड ७४ हजार रुपैयाँ बक्यौता छ । उदयपुर सिमेन्टले सम्पूर्ण बक्यौता २८ किस्ताको सुविधाअनुसार पहिलो किस्ता तिरेको छ । त्यस्तै हेटौंडा सिमेन्ट उद्योगले प्रक्रिया अघि बढाएको छ । यी उद्योगको प्राधिकरणले लाइन काटेको थिएन ।

यसैबीच ४९ वटा उद्योगले प्रिमियमबापतको महशुल नतिरेकोमा पछिल्लोपटक १३ उद्योगले महशुल तिरेको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ । प्राधिकरणले गएको असोज २४ गते ४९ उद्योगले तिर्नुपर्ने रकमसहितको सार्वजनिक सूचना निकालेर महशुल तिर्न आग्रह गरेको थियो ।

तोकिएको १५ दिनको अवधिमा कुनै पनि उद्योगले महशुल नतिरेपछि प्राधिकरणले गएको ८ गते लाइन काटेको थियो । त्यसदिन ३४ उद्योगको लाइन काटिएको थियो । उद्योगले महशुल भुक्तान गर्न आए तिहारको सार्वजनिक बिदामा समेत बक्यौता लिने र विद्युत् लाइन जोड्ने प्राधिकरणले जनाएको छ ।

**हार्दिक शुभकामना**

शुभ दिपावली, नेपाल सम्बत एवम् छठ पर्वको शुभ उपलक्ष्यमा
हाम्रा सम्पूर्ण ग्राहकवर्ग, शुभचिन्तक तथा सहयोगी महानुभावहरुमा
सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

सम्झौता सापकोटा
(प्रबन्ध निर्देशक) एवम्
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, परिवार

**पर्वको उमङ्ग इन्टरनेट TV संग दङ्ग**

CLASSIC TECH

छाना माथी घिरौला
'आधा पछि तिरौला

200 Mbps
इन्टरनेट टि.भि.

~~रु १,२४१२~~ वार्षिक
रु ४,०२१ ६ महिना

टि.भि.च्यानल्स रु २५० प्रति महिना*

9801004477 / 9802922304
www.classic.com.np

**आकर्षक जग्गा बिक्रीमा**

हेटौंडा-११ स्थित सुन्दर बस्ती डाङडुङ्गेमा रहेको बजारबाट २ कि.मि. मात्र दुरी भएको, होटल हेटौंडा हाइटबाट १०० मि. पछाडि २ कठ्ठा १५ धुर क्षेत्रफल भएको आकर्षक जग्गा बिक्रीमा भएको हुँदा इच्छुकले तु.सम्पर्क गर्नुहोस् ।

**सम्पर्क नं. ९८४५४६१०३४**

साझाकुरा

## हाम्रो कुरा

# शिल गरेको चामल कस्ले खायो ?

मनहरीबाट प्रशासनले शिल गरेको ६० बोरा चामल गायब भयो । खान अयोग्य भएको भन्दै शिल गरिएको चामल कहाँ पुऱ्याइयो अत्तोपत्तो छैन । चामल कस्ले खायो ? दसैं र तिहारको बीचमा चामल पचाउने काम भयो । गत असोज ६ गते मनहरी बजारको मंगलमय ट्रेडर्समा शिल गरिएको ६० बोरा चामल हराएको हो । शिल गरिएको चामलको परीक्षणका लागि नूमना संकलन गर्न कार्तिक १२ गते सोमबार जाँदा चामल हराएको पत्ता लागेको खाद्यप्रविधि तथा गुणनियन्त्रण कार्यालयले जानकारी दिएको छ । अनुगमन टोलीले चामल हराएको विषयमा कारबाही गर्न गाउँपालिका कार्यालयलाई लिखित अनुरोध गरेको छ । करिव एक महिनाअघि ओम कैलाश ब्राण्डका ५३ बोरा र लक्ष्मी राइस मिलबाट उत्पादित ७ बोरा चामल बिक्री बितरण र उपभोग गर्न अयोग्य रहेको भन्दै जिल्ला प्रशासन र गाउँपालिका आफैंले शिल गरेको थियो । यी दुईवटा ब्राण्डका चामलका बोरामा उपभोग्य मिति, उत्पादन मिति र ब्याच नं. समेत नभेटिएपछि चामल शिल गरिएको अनुगमन मुचुल्कामा उल्लेख छ ।

एक महिनाअघि शिल गरिएको चामलको सोमबार मात्रै नमूना संकलनका लागि मनहरी गाउँपालिकाको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय, खाद्यप्रविधि तथा गुणनियन्त्रण कार्यालय, इलाका प्रहरी कार्यालय मनहरीको टोली पुगेको थियो । नमूना संकलनका लागि जाँदा यसअघि नै शिल तोडेर चामल गायब पारिएको थाहा भएको हो । उनकाअनुसार नमूना संकलनका लागि गएको खाद्यको टोलीले पसलमा बिक्रीका लागि राखेको सोही ब्राण्डको अर्को चामलको नमूना लिएको छ । मनहरी गाउँपालिकाले सोमबार मात्रै खाद्यप्रविधि तथा गुणनियन्त्रण कार्यालयलाई प्रयोगशालामा परीक्षणका लागि नमूना संकलनका लागि पत्राचार गरेको थियो । गाउँपालिकाले शिल गरेको लामो समयपछि मात्रै नमूना संकलन गर्न किन खाद्यलाई पत्राचार गऱ्यो ? भन्ने विषय रहस्यमय बनेको छ । 'त्यो चामलको गाउँपालिकाले नै निगरानी राखेको हो । त्यसको कारबाही पनि गाउँपालिकाबाट संघीय कानुनअनुसार अगाडि बढाउने गरी छलफल भएको थियो । अब एक महिनापछि मात्रै नमूना संकलनका लागि गाउँपालिकाले किन बोलायो ? असोज ६ मा बरामद चामल शिल गर्ने अनुगमन टोलीका नेतृत्व गरेका गाउँपालिकाको शाखाअधिकृत शैलेश बाँस्कोटाले शिल गरेको एक महिनापछि मात्रै नमूना संकलन गर्न जानुपर्ने अवस्था कसरी आयो ? भन्ने प्रश्नपछि फोन सम्पर्क विच्छेद गरे । गाउँपालिकाको लेखाप्रमुख तथा सूचनाअधिकारी र जेन्द्र भट्टराईले चामल हराएको विषयमा आफूलाई कुनै जानकारी नभएको बताएका छन् । नूमना संकलन गर्न पुगेको अनुगमन टोलीले चामल फेला नपरेपछि तयार पारिएको मुचुल्कामा व्यवसायीले नै उद्योगलाई चामल फिर्ता गरेको बुझिन आएको उल्लेख छ ।

यसलाई पुष्टि गर्नेआधार नै नभएको अनुगमनमा सहभागी अधिकारीहरुले जानकारी दिएका छन् । शिल तोडेर सरकारी नियन्त्रणमा रहेको चामल गायब बनाउने घटनाको पहिलो शंका गर्ने स्थान स्थानीय सरकार नै हो । ६ असोजमा गरिएको अनुगमन टोलीले मंगलमय ट्रेडर्सबाट चामलसहित १४ वटा अखाद्यसामग्री फेला पारेर जफत गरेको थियो । चाडपर्वको मौका छोपेर व्यवसायीले उपभोक्ताको स्वास्थ्यमा गर्ने खेलवाडलाई स्थानीय सरकारले कसरी कारबाही गर्छ ? मनहरी गाउँपालिकामा यसप्रकारका बिवादास्पद घटना बारम्बार देखापरिरहनुलाई कसरी लिने ? बिगतका दिनमा भएका अभ्यास भनेको यस्तो अवस्थामा सामान्य जरिवाना गराएर छोड्ने नै हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ कात्तिक १६ गते शुक्रबार १ नोभेम्बर २०२४ । औंशी, कात्तिक कृष्णपक्ष । कौलागा ११४४ ने.सं. । सूर्योदय ६:१५, सूर्यास्त ५:१८ । गाई तिहार ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आनन्दको महसुस हुनेछ | तुला | : प्रेममा विवाद आउनसक्नेछ |
| वृष | : मन चञ्चल हुनेछ | वृश्चिक | : बोलिमा नियन्त्रण गर्नुपर्नेछ |
| मिथुन | : मान-सम्मान बढ्नेछ | धनु | : हाँसखेलमा दिन जानेछ |
| कर्कट | : धन लाभ हुनेछ | मकर | : मनमा धेरै कुरा खेल्ने छन् |
| सिंह | : व्यापार-व्यवसायमा उन्नति हुनेछ | कुम्भ | : रमाइलो यात्राको योग परेको छ |
| कन्या | : नबोली बस्दा राम्रो हुनेछ | मीन | : मन प्रसन्न रहनेछ |

# अर्थतन्त्रमा के भयो, कसरी भयो र के गर्ने ?



✍ प्रा. विश्वम्भर प्याकुऱ्याल

नेपालमा केही वर्षदेखि देखापरेको आर्थिक जटिलता बुझेकालाई पनि झुक्याउने किसिमको देखिन्छ । न ऋणको प्रवाह न त उत्पादनशील क्षेत्रमा लगानी भएर रोजगारी सिर्जना भएको अवस्था छ तर पनि बैंकमा तर लताको बाढी आएको छ । अनौपचारिक अर्थतन्त्रको दबदबा बढिरहेको र लगानी गरेर लिनुपर्ने जोखिम र हैरानीभन्दा खुला सीमाबाट अनौपचारिक व्यापार गर्दा कम हैरानी र बढी आम्दानी हुने देखिएकोले उद्योगपतिहरू व्यापारीमा परिणत भएका छन् ।

अनधिकृत व्यापारले भन्सारमा अनुमानित राजश्व संकलन हुनसकेको छैन । अधिकांशसँग थप खर्च गर्न सकिने खर्चयोग्य (डिस्पोजेबल) आयको अभावको कारण कर घटेता पनि ऋण लिने क्षमता हुँदैन । आर्थिक शिथिलता लम्बिएर उच्च मूल्य वृद्धि कायमै भएकोले पनि कर घटाउँदैमा ऋणको माग बढ्न नसकेको हो । अनुत्पादनशील लगानीले प्रतिफल नदिएकोले र पहिले लिएका ऋणको भारी अझै बाँकी रहेकाले ब्याज घटेता पनि ऋण थप्ने सामर्थ्य धेरैसँग छैन ।

गुणस्तरको मौद्रिक नीति कार्यान्वयनमा ल्याएतापनि यसले मुद्रास्फीतिलाई नियन्त्रण गर्न सकेको छैन । किनभने खुला सिमाना र नजिकको द्विपक्षीय व्यापारको कारण नेपालको मुद्रास्फीति तात्विक रूपमा भारतीय मूल्य स्तरबाट प्रभावित भइरहेको छ । तर, दु:खको कुरा के हो भने भारतमा कम मूल्यमा कारोबार हुँदा पनि त्यसको असर नेपाली मूल्यमा देखा पर्दैन । मूलत: यसो हुनुमा खुला सिमानाबाट हुने अवैध व्यापार नै हो ।

नेपालमा मौद्रिक नीतिलाई अप्रभावकारी बनाउने अर्को कारण आयातमा उच्च निर्भरता र विश्व बजारमा भैरहेको वस्तुको मूल्यवृद्धि पनि हो । यस्तो अवस्थामा आन्तरिक र बाह्य क्षेत्रमा उत्पन्न भइरहने विविध कारकहरूको मूल्याङ्कन गरी मौद्रिक नीतिलाई वित्तीय नीतिसँग एकीकृत गर्नुपर्ने आवश्यकता हुन्छ ।

हामीले भोगेको अर्को पीडा भनेको गरिबी घटेको देखिएतापनि आर्थिक असमानता बढेकै छ । रेमिट्यान्स सोचेभन्दा बढी वृद्धि भइराखेको छ । त्यसैले रेमिटेन्स प्राप्त गर्ने र नगर्ने घर-परिवार बीच असमानता बढेको देखिएको छ । आर्थिक वृद्धिको फाइदा सीमित समूहमा मात्र गएकोले असमानता मापन गर्ने जिनी कोफिसियन्ट सन् २०१०/११ मा ०.४९ बाट २०१९ मा आइपुग्दा ०.५८ हुनपुग्यो । कोही भन्छन्- जुन समाजमा धनी र गरीबलाई एकै किसिमको करको दर लागू हुन्छ त्यहाँ धनीलाई गुन लगाएसरह हुन्छ र गरीब मर्कामा पर्छन् । यस्तो अवस्थामा आम्दानी र सम्पत्तिको पुनर्वितरण प्राय: असम्भव छ जसले गर्दा असमानता बढाएको हुन्छ ।

नेपालमा करीब ६० प्रतिशत अप्रत्यक्ष कर जस्तै मूल्य अभिवृद्धि कर (भ्याट) राजश्वको मूल स्रोत हो । नेपाली अर्थतन्त्र जसरी निर्माण भइरहेछ, यसप्रकारको करले आर्थिक असमानता बढाउने गरेको छ । त्यसैले पनि नेपालमा प्रतिगामी कर (रिग्रेसिभ ट्याक्स) लागू छ भन्न सकिन्छ ।

नेपालमा मध्यमस्तरको आर्थिक वृद्धि हुँदा पनि आर्थिक वृद्धि र रोजगारीबीच कुनै सम्बन्ध देखिदैन । यो हुनुको प्रमुख कारण विशेष गरेर बढी रोजगारी प्रदान गर्ने निर्माण र कृषि क्षेत्रमा नभएर आर्थिक वृद्धि सेवा क्षेत्रमा सीमित भएकोले हो । तथ्यांकले के देखाउँछ भने १ प्रतिशत जीडीपी वृद्धि हुँदा सेवा क्षेत्रबाट मात्र ०.६१ प्रतिशत रोजगारी वृद्धि भएको छ । यो उत्साहजनक हो तर, योगदान दिने प्रचूर सम्भावना भएका अन्य क्षेत्रलाई हामीले आफुनो दृष्टिबाट टाढा राखेका छौं ।

करीब ६ लाख व्यक्ति प्रत्येक वर्ष रोजगारी खोज्दै श्रम बजारमा भौंतारिएका हुन्छन् तर काम गर्न सक्ने युवायुवतीको संख्या र यिनीहरूलाई उपलब्ध गराइने रोजगारीबीच कुनै तारतम्य मिल्ने गरेको छैन । अझ खरो शब्दमा भन्ने हो भने रोजगारीको उपलब्धता र श्रम प्रदान गर्ने व्यक्तिको संख्या र उनीहरूले रोजेका क्षेत्रबीच सरकारसँग नीतिगत प्रत्युत्तर नै छैन ।

प्राथमिकताका क्षेत्र समेट्न नसकेकोले एक प्रतिशत जीडीपी वृद्धि हुँदा ०.०४५ प्रतिशत बिन्दु रोजगारी उपलब्ध भएको छ जुन नभएसरह नै हो । न्यून रोजगारी लचकता (लो इम्प्लायमेन्ट इलास्टिसिटी) लाई हामीले नीति तर्जुमा गर्दा सम्बोधन गर्नु जरूरी छ ।

जुन सरकारले सत्ता ग्रहण गर्दा पनि अनुदान र प्रोत्साहन (इन्सेन्टिभ) दिएको कुरा गर्छन् तर किन कहिल्यै पनि प्रोत्साहन र उत्पादकत्व बीच कुनै सम्बन्ध छैन ? पुरस्कार दिने प्रक्रियाको पनि खास वैज्ञानिक आधार छैन । स्वविवेक र व्यक्तिगत सम्बन्धको आधारमा हचुवा प्रणालीमा गरिने भएकोले संस्थाहरूमा कार्यरत अधिकांश कर्मचारी हतोत्साह भएको देखिन्छन् । क्षणिक समय प्रोत्साहित गरेता पनि मौद्रिक प्रोत्साहन (मनिटरी इन्सेन्टिभ) को नीति दीर्घकालीन समय उत्पादकत्व वृद्धिमा सहयोगी हुनसकेको छैन । यसलाई प्रभावकारी बनाउँदै उत्पादकत्व अभिवृद्धि गर्न प्रभावकारी संयन्त्रको विकास आवश्यक छ ।

केही समय स्थानीय मुद्रा अवमूल्यन भइरहँदा स्थायित्वको लागि पनि लगानीकर्ता वैदेशिक मुद्राको ऋणप्रति लालायित थिए तर विनिमय दरमा उतारचढाव आउने हुनाले एकातिर आम्दानी स्थानीय मुद्रामा आउने अर्कोतिर विनिमय दरको जोखिम कुनै पनि बेला आइरहनाले यो सम्भावनाले पनि त्यति आकर्षित गर्न सकेको छैन । ऋण लिएर लगानीलाई निरन्तरता दिने सम्पूर्ण सम्भावना जोखिमको जालोमा पर्नुको मूल कारण हाम्रो आर्थिक शिथिलता र नीतिगत अनिश्चितता नै हो । ऋण र लगानीलाई प्रभाव पार्ने नीतिगत परिवर्तनमा कमसेकम संक्रमणकाल भरी निजी क्षेत्रको सहभागितालाई नियमित गराउन सके आर्थिक गतिविधिमा बढावा आई सरकार र निजी क्षेत्रबीच रहेको नीतिगत अनिश्चितता र अविश्वासको जालो च्यातिन सक्थ्यो ।

अब निजी क्षेत्रलाई विश्वासमा नलिई आर्थिक विकास सम्भव देखिँदैन । सरकार-निजी क्षेत्र- साझेदारी (पीपीपी) सुदृढ गर्न बलियो कानूनी र नियामक फ्रेमवर्क बनाएर यसको सबलीकरणको लागि दुवै पक्षबीच पारदर्शी र जोखिम साझेदारी प्रणाली तर्जुमा गर्नुपर्छ । सहयोगी वातावरण सिर्जना गर्न सरकारी कर्मचारीलाई पीपीपी प्रक्रियाहरू तथा परियोजना व्यवस्थापनमा प्रशिक्षण दिन लगानीको आवश्यकता देखिन्छ ।

आर्थिक विकासको मेरूदण्डको रूपमा रहेको विशेष गरेर भौतिक पूर्वाधार निर्माण गर्न निजी क्षेत्रको लगानी जरूरी छ । यसको लागि यिनीहरूलाई आकर्षित गर्न वित्तीय प्रोत्साहन र नीतिगत ग्यारन्टी दिने कुरामा निश्चितताको आवश्यकता छ । यसको लागि सामूहिक उद्देश्य पूर्तिको लागि दुवै पक्षबीच नियमित छलफल जरूरी छ ।

माग घटेर ऋणको प्रवाह न्यून भई लगानी हुन नसकेको अवस्थामा केन्द्रीय बैंकले खुकुलो मौद्रिक नीतिद्वारा प्रचूर मात्रामा अर्थतन्त्रमा मुद्राको आपूर्ति बढाएमा बैंकमा पैसा थुप्रन्छ । तर अहिले खुकुलो मौद्रिक नीतिले केन्द्रीय बैंकले मुद्राको आपूर्ति बढाएको छैन । नेपाल राष्ट्र बैंकले सन् २०२३/२४ को मौद्रिक नीतिमा नेपालको मौद्रिक नीति अनुकूलित (एकोमोडेटिभ) प्रकृतिको हुनेछ भनेको छ । कुनै-कुनै अवस्थामा प्रचूर तरलता भएतापनि ऋण प्रवाह नबढ्ने र लगानी वृद्धि पनि हुन नसक्ने विरोधाभासमा हामी परेका हुन्छौं ।

अहिले नेपालमा बृहत्तर आर्थिक परि सूचकले ल्याएको हाँक, मूल्य वृद्धि र व्यापार घाटाले गर्दा लगानीकर्ताको मागमा सतर्कता अपनाएको देखिन्छ । रेमिट्यान्सले वित्तीय क्षेत्रलाई बलियो गराएर ऋणको माग पनि नभएको र लगानीको सम्भावना पनि नभएर बैंकमा तरलता बढेको हो । नीतिगत तथा अर्थतन्त्रमा लामो समयसम्म सुधार हुन नसक्दा निक्षेपकर्ताको बचत बाहिरिने त्रासले गर्दा बैंकले ऋण दिन आनाकानी गरी सावधानीपूर्वक भविष्यको लागि तरलतालाई होल्ड गर्न सक्छन् । अर्को कारण भनेको बजेटमा भएको प्रावधान अनुसार सर कारले खर्च गर्न नसक्नु हो । अक्सर नीतिगत जटिलताले बैंकको प्रभावकारिता बढ्न नसक्नु र बैंकले उत्पादनशील क्षेत्रमा लगानीका च्यानल फेला नपारेर पनि अहिलेको ट्र्यापमा हामी पर्नु परेको हो ।

लिक्युडिटी ट्र्यापमा परेको बेला घटेको ब्याजदर र मुद्राको आपूर्तिमा आउने परिवर्तनले मूल्यलाई प्रभाव पारेको हुन्न । भनिन्छ, लिक्युडिटी ट्र्याप (तरलताको फन्दा) ले अर्थतन्त्रमा मन्दीले छोएको देखाउँछ जसले पछिगएर डिफ्लेसन (मूल्य संकुचन) को जन्म दिन्छ अर्थात्, वस्तु तथा सेवाको मूल्यमा गिरावट आएर मुद्राको क्रय शक्ति बढाउँछ । यो अवस्थामा मुद्राको आपूर्ति वस्तुको आपूर्तिको तुलनामा कम हुन्छ । यो बेला एग्रिगेट माग घट्ने र एग्रिगेट आपूर्ति बढ्ने हुन्छ ।

घटेको मूल्य फाइदाजनक देखिए पनि मूल्य संकुचन (डिफ्लेसन) ले गर्दा उपभोक्ता खर्च घट्ने, उच्च बेरोजगारीको चाप बढेर मुलुक आर्थिक संकटको जालोमा घेरिएर डिफ्लेसनरी स्पाइरल (मूल्य अपवृद्धिको घातक चक्र) भित्र पर्न सक्छ । उपभोक्ताले भविष्यमा अझ मूल्य घट्न सक्छ भनेर खर्चलाई स्थगित गरेका हुन्छन् । यसले माग अझ घटाउँछ । उपभोक्ताको यस्तो व्यवहारले मूल्यमा झन् गिरावट आउँछ । राजश्व घट्छ, बेरोजगारी बढ्छ र आर्थिक शिथिलता उच्च बिन्दुमा पुग्छ । बढ्दो बेरोजगारीले आम्दानी घटेर उपभोक्तासँग खर्च गर्ने क्षमतामा ह्रास आउँछ । त्यसैले डिफ्लेसनले शुरुमा क्रय शक्ति बढाए पनि अन्तत: यसले आर्थिक गतिविधिमा संकुचन ल्याउँछ । हामीलाई हालको आर्थिक गतिविधिले भावी अर्थतन्त्रलाई यही अवस्थामा कतै नपुऱ्याओस् भन्ने चिन्ता हो ।

*(साभार: अनलाइनखबर)*

# को दोषी, राजनीतिक नेतृत्व कि प्रशासन ?

✍ सागर पण्डित

राजनीतिक नेतृत्व असफल भइरहँदा आमजनता कर्मचारी संयन्त्रसँग पनि सन्तुष्ट भने छैनन् । राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्वबीच तुलना गर्दा देश बिगार्नुमा प्रमुख दोष राजनीतिक नेतृत्वको भए पनि प्रशासनिक पक्षको मात्रै विश्लेषण गर्दा यो पक्षको पनि कुशासन निम्त्याउन र देश बिगार्नमा कम भूमिका छैन । त्यसैले कर्मचारीहरु पनि सच्चिनुको विकल्प छैन ।

देशमा कुशासन मौलाउनु, विकास हुन नसक्नु, नागरिकमा निराशा र आक्रोश पैदा हुनु र देश बिग्रँदै जानुमा मुख्य दोष कसको? प्रशासनिक संयन्त्रको कि राजनीतिक नेतृत्वको ? यसमा फरक-फरक खालका विश्लेषण र टिप्पणी आउँछन् । कतिपयले राजनीतिक नेतृत्व दोषी देख्छन् भने कतिपयले प्रशासनिक नेतृत्व । यसलाई काम, गुण, दोषका आधारमा विश्लेषण गर्नुपर्छ । त्यसमा पनि कुनै घरमा गम्भीर समस्या आयो भने त्यो घरको मूलीले किन समाधान गर्न सकेन भन्ने प्रश्न गर्ने गरिन्छ । मुलुक चलाउने मुख्य मूली राजनीतिक नेतृत्व हो । त्यसैले देश बिग्रिएको जिम्मेवारी पनि राजनीतिक नेतृत्वले नै लिनुपर्छ । स्थायी सरकार भनेर निजामती प्रशासनलाई भनिए पनि अस्थायीरुपमा आउने राजनीतिक नेतृत्वको हैकमको अगाडि कर्मचारी संयन्त्रले विद्रोह गर्न सक्ने अवस्था देखिँदैन ।

मुख्य कुरा सुशासन हो । सुशासनविना विकास र समृद्धिको कल्पना पनि गर्न सकिँदैन । सुशासनको एप्रोच भनेको टप टु डाउन हो । याने कि राजनीतिक नेतृत्वबाट शासनमा आउने प्रधानमन्त्री र मन्त्रीबाट सुशासनको थालनी हुनुपर्छ । प्रधानमन्त्री र मन्त्रीबाट सुशासनको थालनी भयो भने मुख्य सचिव र सचिवहरु स्वत: त्यो बाटोमा हिँड्न बाध्य हुन्छन् । त्यसैले यस विषयमा कसैले कसैलाई दोष दिन आवश्यक छैन ।

सुशासनको बाटो बनाउने काम राजनीतिक नेतृत्वको हो । त्यो बाटोमा कर्मचारीतन्त्र हिँडेन भने कारबाही गर्ने काम पनि राजनीतिक नेतृत्वकै हो । राजनीतिक नेतृत्वले कर्मचारी संयन्त्रमाथि कारबाहीको डन्डा चलाउन सक्छ तर कर्मचारी संयन्त्रले राजनीतिक नेतृत्वमाथि डन्डा चलाउन सक्ने अधिकार राख्दैन । यसले पनि सहजै पुष्टि हुन्छ कि कुशासन र दण्डहीनता कसको कारणले मौलाइरहेको छ ? हाम्रो जस्तो विकासोन्मुख देशमा र प्रणाली नबसिसकेको अवस्थामा राजनीतिक नेतृत्वले विभिन्न किसिमको हैकम जमाउँदै आएको छ ।

राजनीतिक नेतृत्वले व्यवस्थित प्रणाली बसाल्ने प्रयास गर्दैनन् । यदि व्यवस्थित प्रणाली बस्यो र प्रशासन प्रणालीमा हिँड्ने भयो भने उनीहरुले हैकम जमाउन पाउँदैनन् । प्रशासनलाई पिछलग्गु बनाउन पाउँदैनन् र आफुनो स्वार्थ पूरा हुन सक्दैन । त्यसैले पनि राजनीतिक नेतृत्वले प्रशासनमा आमूल सुधार गर्नुभन्दा यथास्थितिमा नै राख्न चाहन्छन् । अलिकति दु:खद कुरा पनि छ यहाँ । लोकसेवाको कठिन परीक्षा उत्तीर्ण गरेर योग्यताक्रमका आधारमा सरकारी सेवामा प्रवेश गरेका प्रशासक तथा कर्मचारीहरु राजनीतिक नेतृत्वको पिछलग्गु बन्नचाहिँ पक्कै पनि हुँदैनथ्यो । तर अधिकांश कर्मचारी पिछलग्गु नै बन्दै आएका छन् । योचाहिँ कर्मचारीको कमजोरी हो । यसैका आधारमा कर्मचारीहरुले नै देश बर्बाद पारे भनेर विश्लेषण गर्नु भने समस्याको गहिराइ बुझ्न नसक्नु हो । देश बर्बाद पार्नुको मुख्य दोष राजनीतिक नेतृत्वमा रहनेलाई नै जान्छ । त्यसपछि मात्रै बर्बादीको दोष कर्मचारीमा जाने गर्छ ।

हामीकहाँ शासन सञ्चालनमा राजनीतिक नेतृत्व नै हाबी हुँदै आएकाले यहाँको अवस्था ब्यूरोक्र्याट्स बेसिङकै अवस्था हो । यहाँ राजनीतिक नेतृत्वले कर्मचारीतन्त्रलाई धम्काएर, डर-त्रास देखाएर, लोभ्याएर आफुनो स्वार्थ पूर्ति गर्दै आएका छन् । यस्तो अवस्थालाई ब्यूरोक्र्याट्स बेसिङ भनिन्छ । जहाँ राजनीतिक नेतृत्व प्रशासनमाथि पूर्णरुपले हाबी हुन्छ र पूर्ण हैकम जमाउँछ । तर राजनीतिक नेतृत्वलाई छक्काएर तथा विभिन्न सूत्र प्रयोग गरेर प्रशासनले आफुनो स्वार्थ पूर्ति गर्छ भने त्यस्तो अवस्थालाई डिप स्टेट भनिन्छ । हामीकहाँ प्रशासनमाथि राजनीति हाबी हुँदै आएकाले डिप स्टेटको अवस्था होइन ।

हाम्रो राजनीतिक नेतृत्व अत्यधिक भ्रष्ट हुँदा मुलुकको विकास, समृद्धि र सुशासनको मार्ग अवरुद्ध हुँदै आएको यथार्थ सबैका सामु प्रस्ट छ । विशेष गरी लोकतान्त्रिक शासन व्यवस्था र गणतन्त्र स्थापना भएपछिका दिनहरुमा लोकतन्त्र र गणतन्त्र स्थापना गर्नकै लागि वर्षौंसम्म लडेका राजनीतिक दल र तिनका नेताहरुमा हुर्किरहेको भ्रष्ट चरित्र र संस्कारका कारण शासकीय व्यवस्थाप्रति छोटो समयमा नै चरम निराशा देखिन पुगेको हो भन्दा अत्युक्ति नहोला । जनतामा संघीय शासन व्यवस्थाको अनुभूति दिलाउन राजनीतिक नेतृत्व र विभिन्न दलबाट निर्वाचन जितेर आएका जनप्रतिनिधिहरु सफल हुन सकेका छैनन् ।

अहिले चौतर्फी बेथिति छ । शासकहरुलाई जनहितको कुनै वास्ता छैन । कसरी हुन्छ अकूत सम्पत्ति आर्जन गर्ने र सात पुस्ताका लागि जोहो गर्ने भन्ने ध्याउन्नमा उनीहरु देखिन्छन् । जनताको गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, सुरक्षा र रोजगारीका समस्या समाधान गर्ने विषयमा दलका नेताहरु र शासकहरु कहिल्यै पनि गम्भीरतापूर्वक छलफल नै गर्दैनन् । यसो भनिरहँदा फेरि राजनीतिक दलहरुको विकल्प किमार्थ पनि खोज्न सकिँदैन । राजनीतिक दल लोकतन्त्रको जीवनरेखा हुन् । त्यसैले दलहरु खराबभन्दा पनि नेताहरु खराब हुन् । दलीय व्यवस्थाको विकल्प खोज्न हुँदैन । दलका नेताहरुप्रति आम वितृष्णा बढिरहेको अवस्थामा प्रशासनले झनै संवेदनशील भएका काम गर्नुपर्छ । राजनीतिक नेतृत्वलाई दोष दिएर बस्नुभन्दा पनि प्रशासन संयन्त्रले मुलुकमा देखिएका जनताका समस्याहरु समाधान गर्न विशेष पहल गर्नुपर्छ । राजनीतिक नेतृत्वले काम गर्न सकेन भन्दै प्रशासन संयन्त्र जुम्सो भएर किमार्थ बस्नुहुँदैन । यस्तै अवस्थामा हो स्थायी सरकारको रुपमा रहने कर्मचारी संयन्त्रको महत्व बढ्ने । चुनौतीलाई पार लगाउँदै जनताको पक्षमा प्रभावकारी काम गर्न सकेमा मात्रै प्रशासन संयन्त्रको साख उच्च हुन सक्छ । त्यसैले यतिखेर प्रशासनलाई आफुनो साख उच्च बनाउने अवसर प्राप्त भएको छ । यो अवसरलाई गुम्न दिनुहुँदैन । अहिले राजनीतिक नेतृत्वमाथि चौतर्फीरुपमा प्रश्न उठिरहेको छ ।

उनीहरु जनताको हितप्रति खासै समर्पित छैनन् भन्ने आम गुनासा यत्रतत्र सुनिन थालेको छ । यस्तो अवस्थामा जनतामा निराशाको मौनक्रान्ति शुरु हुन सक्छ । त्यस्तो अवस्था आउन किमार्थ पनि दिनुहुँदैन । राजनीतिक दलका नेताहरु जनताको अपेक्षा र चाहना पूरा गर्न असफल भइरहेको अवस्थामा कर्मचारी संयन्त्रले जनताको चाहनाअनुसार आफूहरुलाई परिचालित गर्नै पर्छ ।

लोकतन्त्रका कर्मचारीले सेवा मात्रै होइन, जनतासमक्ष लोकतन्त्र नै वितरण गर्नुपर्छ भन्ने सिद्धान्त छ । यतिखेर यो सिद्धान्तको खोजी जनताले गरिरहेका छन् । डेलिभरी इन डेमोक्रेसी भनिन्छ । त्यसैले यो डेलिभरी गर्ने प्रमुख निकाय भनेकै प्रशासनिक संयन्त्र हो । राजनीतिक नेतृत्व असफल भइरहँदा आमजनता कर्मचारी संयन्त्रसँग पनि सन्तुष्ट भने छैनन् । राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्वबीच तुलना गर्दा देश बिगार्नुमा प्रमुख दोष राजनीतिक नेतृत्वको भए पनि प्रशासनिक पक्षको मात्रै विश्लेषण गर्दा यो पक्षको पनि कुशासन निम्त्याउन र देश बिगार्नमा कम भूमिका छैन । त्यसैले कर्मचारीहरु पनि सच्चिनुको विकल्प छैन । आमजनताले कर्मचारीका बारेमा विशेषत ४-५ वटा मुख्य गुनासाहरु गर्ने गरेका छन् ।

कर्मचारीतन्त्र निष्पक्ष छैन, काममा ढिलासुस्ती गर्छ, भ्रष्टाचारमा अलि बढी लिप्त हुने गर्छ र सबैलाई समानरुपमा हेर्दैन भन्ने आमजनताको गुनासो रहँदै आएको छ । त्यस्ता गुनासाहरु आउन नदिन सबै कर्मचारीहरुले चुस्त र प्रभावकारीरुपमा सबैलाई समान दृष्टिले हेर्दै भ्रष्टाचारमा शून्य सहनशीलताको नीतिअनुसार अघि बढ्नुपर्छ । प्रशासन संयन्त्रले कानुन विधि र पद्धतिलाई अक्षरश: पालना गर्नुपर्छ । आमजनतामा नेता र कर्मचारी दुवै खराब छन् भन्ने भावनाको विकास भइरहेको छ । यही चुनौतीपूर्ण अवस्थामा कर्मचारी संयन्त्रले जनताको मन जित्ने गरी काम गरेर आफूलाई असल संयन्त्रको रुपमा स्थापित गर्न सक्नुपर्छ । यसका लागि कर्मचारी संयन्त्र नैतिक संगठनको रुपमा पनि विकास हुन सक्नुपर्छ । कर्मचारीमा राष्ट्रप्रतिको समर्पण, राष्ट्रियताप्रतिको सम्मान र जनताप्रतिको सेवाभाव विकास हुन सकेको खण्डमा राजनीतिक नेतृत्वसमेत उनीहरुसँग डराउन पुग्छन् भने जनताको नजरमा कर्मचारीको साख पनि उच्चो हुन पुग्छ ।

प्रशासनिक पारदर्शिता, जवाफदेहिता र आर्थिक समृद्धिको लागि सम्बद्ध निकायसँग छलफल गरी सुधारका उपायहरुसमेत पहिचान गरी ती निकायलाई जिम्मेवार र सुशासनमैत्री बनाउनुपर्छ । कर्मचारीहरुले अहिलेको अवस्थामा साँच्चै नै परिणाम दिने गरी काम गरेर देखाउनुको विकल्प छैन । त्यसैले देशभरका राष्ट्रसेवक कर्मचारीले आफुनो भूमिको माटो छोएर आमजनताको हित प्रवर्द्धन गर्दै जिम्मेवारपूर्वक अघि बढ्ने प्रण गर्नै पर्छ । अब आम कर्मचारी पनि नसच्चिने र राजनीतिक नेतृत्वको पिछलग्गु मात्रै बन्ने हो भने प्रशासन पनि राजनीतिक नेतृत्वजस्तै बदनाम हुनेछ र देश बिगार्नमा प्रशासन पनि उत्तिकै दोषी रहेको भाष्य निर्माण हुन्छ । त्यसैले इमानदारीपूर्वक काम गर्नुको विकल्प छैन ।

*(साभार: न्यूज अफ नेपाल)*

### साफ वुमन्स च्याम्पियनसिप

# नेपाल फेरि उपविजेतामै सीमित, बंगलादेश च्याम्पियन

काठमाडौं/नेपाल एक पटक फेरि घरेलु मैदानमा फाइनलमा चुक्दा साफ वुमन्स च्याम्पियनसिप जित्ने लक्ष्य अधुरै बनेको छ । बुधबार भएको साफ वुमन्स च्याम्पियनसिप २०२४ को फाइनलमा घरेलु टोली नेपाललाई २-१ ले हराउँदै बंगलादेशले लगातार दोस्रो पटक उपाधि जितेको छ ।



त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको फाइनल खेलमा बंगलादेशका लागि ५२ औं मिनेटमा मोनिका चक्मा र ८१ औं मिनेटमा ऋतु पोर्ना चक्माले गोल गरे । नेपालका लागि अमिशा कार्कीले ५६ औं मिनेटमा मात्र एक गोल फर्काइन् । बंगलादेशका दुई डिफेण्डरले सुरुवातदेखि नै नेपालकी मुख्य खेलाडी सावित्रा भण्डारीलाई मार्क गरेका थिए ।

खेलको पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो । दुवै टोलीले गोल गर्ने केही अवसर पाए पनि सदुपयोग गर्न सकेनन् । दुवै टोलीको एक-एक प्रहार बारमा लागेको थियो । पहिलो हाफको सुरुवाती केही मिनेटपछि नै नेपालले खेलमा दबाब बनाएको थियो । दोस्रो मिनेटमै नेपालको गल्तीमा बंगलादेशले राम्रो अवसर पाएको थियो ।

गोल पोष्टबाट बल चलाउने बेला गीता राना बल हान्ने बेला चिप्लिएपछि बंगलादेशकी तोहुरा खातुनले वान भर्सेस वानको अवस्थामा हानेको प्रहार बारमा लागेर फर्कंदा नेपाल भाग्यमानी बनेको थियो । रिबाउण्डमा तोहुराले नै हानेको बल गोलकिपर एन्जिलाले समाइन् ।

अमिसाले त्यसपछि पनि गोल गर्ने अवसर पाएकी थिइन् तर फिनिसिङमा चुकिन् । १९ औं मिनेटमा नेपालकी अमिशा कार्कीले बक्स बाहिरबाट हानेको शक्तिशाली प्रहार बारमा लागेर फर्कंदा नेपालले अग्रता लिने अवसर गुमाएको थियो ।

३३ औं मिनेटमा बंगलादेशले बक्स नजिकै फ्रिकिक पाएको थियो । तर मोनिका चक्माको प्रहार पोष्टभन्दा बाहिर गयो । दोस्रो हाफमा नेपाली टिममा दुई परिवर्तन भएको थियो । पूजा रानाको स्थानमा समीक्षा घिमिरे र सरु लिम्बुको स्थानमा रश्मिकुमारी घिसिङ मैदान प्रवेश गरेका थिए ।

५२ औं मिनेटमा मोनिका चक्माको गोलबाट बंगलादेशले पहिले अग्रता लियो । कप्तान सबिना खातुनको पासमा मोनिकाले गोल गरेकी थिइन् । तर त्यो गोल धैरै समय टिकेन ।

त्यसको चार मिनेटपछि नै अमिशा कार्कीले नेपालको लागि बराबरी गोल फर्काइन् । त्यसपछि पनि दुवै टोलीले अगता लिने अवसर पाएका थिए । ६१ औं मिनेटमा नेपालकी सावित्रा भण्डारीले बायाँ साइडबाट हानेको बल पोष्ट नजिकबाट बाहिर गएको थियो ।

६७ औं मिनेटमा नेपाली गोलकिपर एन्जिलाले मोनिका चक्माको प्रहार उत्कृष्ट बचाउ गर्दा बंगलादेशले अग्रता लिने अवसर गुमाएको थियो । तर ८१ औं मिनेटमा ऋतु पोर्ना चक्माले उत्कृष्ट गोल गर्दै बंगलादेशलाई फेरि अग्रता दिलाइन् ।

उनले बायाँ साइडबाट बक्समा हानेको क्रस सिधै गोलमा परिणत भयो । नेपाली किपर एन्जिलाले बचाउने प्रयास गरे पनि असफल भइन् ।

ऋतुले गोल गर्दै दशरथ रंगशालमा उपस्थित १५ हजार भन्दा बढी दर्शकलाई साइलेन्ट बनाइन् । उनको सेलेब्रेसन पनि त्यस्तै शैलीको थियो । त्यसपछि नेपाली दर्शकले लगातार 'नेपाल नेपाल' भनेर हुटिङ गरिरहेका थिए । नेपाल बराबरी गोल फर्काउन प्रयास गरिरहे पनि सफल हुन सकेन ।

घरेलु मैदानमा साफको उपाधि जित्ने नेपालको लक्ष्य तेस्रो प्रयासमा पनि पूरा भएन । यसअघि २०१९ मा विराटनगरमा भएको साफमा भारतसँग फाइनलमा हारेको नेपाल २०२२ मा काठमाडौंमै बंगलादेशसँग पराजित भएको थियो ।

नेपाल साफ वुमन्स च्याम्पियनसिपमा बंगलादेशसँग दोस्रो पटक पराजित भएको हो । सन् २०२२ मा भएको छैटौं संस्करणमा नेपाल बंगलादेशसँग दशरथ रंगशालामै ३-१ ले पराजित भएको थियो । साफमा नेपालले सर्वाधिक छैटौं पटक फाइनल खेलेको छ । बंगलादेश तीन पटक फाइनल खेल्दा दुई पटक उपाधि जितेको छ ।

बंगलादेश सन् २०१६ को फाइनलमा भारतसँग पराजित भएको थियो । नेपाल सन् २०१०, २०१२, २०१४ र २०१९ को फाइनलमा भारतसँग पराजित भएको थियो । सन् २०१६ मा नेपाल सेमिफाइनलमै भारतसँग पराजित भएको थियो । नेपालले साफ वुमन्स च्याम्पियनसिपमा घरेलु मैदानमा लगातार तेस्रो पटक फाइनल खेलेको हो ।

समग्रमा पछिल्लो डेढ दशकमा नेपाले १२औं पटक फाइनल खेलेको हो । सन् १९८६ मा एएफसी वुमन्स च्याम्पियनसिपबाट अन्तर्राष्ट्रिय फुटबलमा डेब्यु गरेको नेपाली महिला टोलीले सन् १९८९ र १९९९ मा पनि एएफसी च्याम्पियनसिप खेलेको थियो ।

**को को ले पाए व्यक्तिगत पुरस्कार ?**

प्रतियोगितामा भुटानले फेयर प्ले अवार्ड पाएको छ भने भुटानकै देकी लाजोम सर्वाधिक गोलकर्ता बनिन् । उनले ८ गोल गरेकी थिइन् । उत्कृष्ट गोलकिपर बंगलादेशकी रुपमा चक्मा बनिन् भने सर्वोत्कृष्ट खेलाडी बंगलादेशकै रितु पोर्ना चक्मा बनिन् । उनले फाइनल खेलमा बिजयी गोल गरेकी थिइन् ।

विजेता टिम तथा खेलाडीलाई प्रधानमन्त्री केपी शर्मा ओली, उपप्रधानमन्त्री तथा शहरी विकास मन्त्री प्रकाशमान सिंह, युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी, राखेप सदस्यसचिव टंकलाल घिसिङ, साफ उपाध्यक्ष सुन्दरनरसिंह जोशी, एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङ लगायतले पुरस्कार प्रदान गरे ।

*(स्रोत: अनलाइनखबर)*

# नाजिर र सृष्टिको 'केटी हराएको सूचना' ट्रेलरमा के छ ?

काठमाडौं/करिब ३२ वर्षअघिको चर्चित डकु-ड्रामा 'उजेली'का निर्देशक दीपेन्द्र गौचनको पहिलो नेपाली फिचर फिल्म 'मिसिङ : केटी हराएको सूचना'को ट्रेलर सार्वजनिक गरिएको छ । बुधबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक ४ मिनेट लम्बाईको ट्रेलरले फरक पृष्ठभूमि र भूगोलका दुई पात्रबीचको मित्रता र त्यसमा आउने उतार-चढावको कथालाई पेश गरेको छ ।



अभिनेता नाजिर हुसेन र अभिनेत्री सृष्टि श्रेष्ठको डेटिङ एपबाट चिनजान भएपछि भेट हुन्छ । त्यसपछि घनिष्ट बनेका उनीहरुको सम्बन्धमा विस्तारै दरार उत्पन्न हुन थाल्छ । ट्रेलरको अन्तिममा ट्रेनभित्र नाजिरले बन्दुक तेर्साएर सृष्टिलाई अपहरण गर्न खोजेको देखिन्छ । कलाकार बुद्धि तामाङ (हैट) 'न्यारेटर' बनेको ट्रेलरले फिल्मको कथावस्तु रोचक रहेको दर्शाउँछ ।

फिल्ममा नाजिर र सृष्टि सहित सञ्जय गुप्ता, रामनारायण ठाकुर, मदन ठाकुर, रिना रिमाल, कौशल्या ठाकुर, ललितादेवी मिश्र, रुपेश मण्डल, सुदीप पटेल, अनिल कुर्मी, अर्जुन पोखरेल, ओमप्रकाश कर्ण लगायतको पनि अभिनय छ भने अमितेष शाह विशेष भूमिका छन् । यसमा निर्देशक गौचन स्वयंको लेखन तथा निर्माण छ ।

नकिम उद्दिन कार्यकारी निर्माता रहेको फिल्ममा मनोहर दास मुल, अनिन राजभण्डारी, राजीव थापा, रोबिन थापा, राधेश पन्त, महेन्द्र शाक्य, ज्योतिमान शेरचन, चन्द्र भट्टचन, सञ्जय भट्टचन सह-कार्यकारी निर्माता तथा अमितेष शाह सहायक निर्मातामा छन् । फिल्ममा अमर महर्जनको डीओपी छ भने दीपेन्द्र गौचन, प्रवेश मल्लिक र करुण थापाले गीतमा संगीत भरेका छन् ।

# मुरलीधर भन्छन्, 'समीर सुपरस्टार भएर जन्मियो'



काठमाडौं/गायक समेत रहेका अभिनेता मुरलीधर पछिल्लो समय विरलै फिल्ममा देखिने गरेका छन् । 'भैरव'पछि उनले करिब ८ वर्ष फिल्म नै गरेनन् । गत वर्ष आएको फिल्म 'काँडेतार'बाट उनको कमब्याक भयो । तर, फिल्म नचल्दा उनको चर्चा भएन । दशैंमा आएको उनको नयाँ फिल्म '१२ गाउँ'ले भने ठूलो सफलता हासिल गरेको छ । र, यसले उनलाई नयाँ पुस्तामा समेत चिनाएको छ ।

'१२ गाउँ'ले बक्स अफिसमा आक्रामक व्यापार गर्दा पनि मिडियाबाट टाढै बसेका मुरलीधर यसै साता पूर्वको एक हलमा अभिनेता विराज भट्टसँग एकसाथ देखिए । दर्शकसँग बसेर फिल्म हेरेपछि मिडियासँगको कुराकानीमा उनले विराजका छोरा समीर भट्टको खुलेरै प्रशंसा गरे । डेब्यु फिल्मबाटै समीर सुपरस्टार भएर जन्मिएको उनको तर्क छ ।

'समीर सुपरस्टार भएर जन्मियो । बन्द मुठी सवा लाख बराबर हुन्छ । त्यसमा के हुन्छ कसैलाई थाहा हुँदैन । विराज भाईले त्यही काम गर्नुभयो । त्यो हिरालाई मुठीमा बन्द गरेर राख्नुभयो । २०/२५ वर्षपछि यसरी मुठी खोलिदिनुभयो कि त्यो कोहिनूर सुपर स्टार भएर जन्मियो,' उनले भने, 'म त समीरको आमालाई बधाई दिन चाहन्छु । उहाँले यस्तो छोरा जन्माउनुभयो कि पहिलो फिल्मबाट सुपरस्टार भएर जन्मियो । विराज भाईको कान्छो छोरा पनि हिरो छ ।'

'१२ गाउँ'को छायांकनको बेला समीरको एक्सन देखेर आफू चकित परेको मुरलीधर स्मरण गर्छन् । 'समीरको एक्सन हेर्दा उसको पहिलो फिल्म हो जस्तो लाग्दैन थियो,' उनी सम्झन्छन्, 'क्लाइमेक्समा उसले मलाई कुटेको सिन छ, त्यसबेला उसको डाइलग डेलिभरी 'ननस्टप' थियो । त्यो 'वान सट' सिन हो ।' एक्सन, नृत्य, अभिनय सबैमा समीर 'नम्बर वान' रहेको उनको दाबी छ ।

'१२ गाउँ' यो किसिमले चल्छ भनेर कल्पना समेत नगरेका मुरलीधर यसलाई आफ्नो करिअरको 'सेकेन्ड इनिङ' मान्छन् । भन्छन्, 'मैले फिल्म 'भैरव'पछि 'काँडेतार' गरेको थियो । अहिले आएर '१२ गाउँ' मेरो 'सेकेन्ड इनिङ' भएको छ ।' यसमा मुरलीधरले नकारात्मक भूमिका निभाएका छन् । एनलगको जमानामा उनले २५ भन्दा बढी फिल्ममा काम गरेका छन् ।

# डेडिकेटेड लाइनमा नियमन आयोगले गर्‍यो कानूनविपरीतको निर्णय

काठमाडौं/विद्युत् नियमन आयोगले 'डेडिकेटेड' तथा 'ट्रंक लाइन' विवादमा आफुनै कानूनलाई लत्याउँदै नेपाल विद्युत् प्राधिकरणको पक्षमा पत्र पठाएको छ । नेपाल विद्युत् प्राधिकरण र उद्योगीबीच जारी विवादमा आयोगले तीन महिनाअघि ६ साउनमा विद्युत् वितरणकर्ता र ग्राहकबीच विवाद भएको अवस्थामा विवाद समाधान हुनुभन्दा अघि विद्युत् विच्छेद गर्नु गैरकानुनी हुने निर्णय गरेको थियो ।

त्यसो हुँदा त्यसबेला विद्युत् काटिएका ६ उद्योगमा तत्काल लाइन जोडिदिन विद्युत् प्राधिकरणलाई निर्देशनसमेत दिएको थियो । ६ साउनमा नियमन आयोगले आयोगको उपभोक्ता हित संरक्षण सम्बन्धी निर्देशिका २०८० को दफा १३ बमोजिम ग्राहकले गुनासो गरेकाले त्यसका आधारमा लाइन जोडिदिन लिखित निर्देशन दिएको थियो ।

निर्देशिकाको दफा १३ को उपदफा १० मा गुनासो समाधान हुनुभन्दा अघि वितरण अनुमति प्राप्त व्यक्ति वा विद्युत् वितरण गर्ने सामुदायिक संस्थाले सम्बन्धित उपभोक्ताको विद्युत आपूर्ति विच्छेद गर्न पाउने छैन भन्ने व्यवस्था छ । तर, डेडिकेटेड र ट्रंक लाइन उपभोक्ताबाट आयोगमा प्राप्त निवेदन अनुसार विद्युत् आपूर्ति विच्छेद गरेको देखिएको र त्यो निर्देशिकाको उल्लंघन भएकाले तत्काल ती उपभोक्तालाई विद्युत् आपूर्ति कायम गर्न पुन: लाइन जडान गर्न आयोगले निर्देशन दिएको थियो ।

आयोगले गरेको निर्णयमा चित्त नबुझे विवादका पक्षले १५ दिनभित्र त्यसलाई सच्याउन निवेदन दिनुपर्ने व्यवस्था विद्युत् नियमन आयोग ऐनको दफा २२ मा छ । त्यसरी निवेदन परेको अवस्थामा आयोगले १५ दिनभित्र साविकको निर्णय कायम राख्ने वा संशोधन गर्ने निर्णय गरिसक्नुपर्ने व्यवस्था पनि सोही दफाको उपदफा २ मा उल्लेख छ । आयोगले गरेको निर्णयपछि नेपाल विद्युत् प्राधिकरणले १६ साउनमा विद्युत् नियमन आयोगलाई १० बुँदे पत्र लेखेको थियो, जसको बुँदा नम्बर ९ मा पुनरावलोकनको माग समेत गरिएको थियो । त्यसरी पुनरावलोकनको निवेदन परेपछि आयोगले आफ्नो निर्णय कायमै राख्ने हो वा संशोधन गर्ने हो, १५ दिनभित्र गरि सक्नुपर्ने हो । विद्युत नियमन आयोगले ३१ भदौमा १७ साउनको पत्रको जवाफ प्राधिकरणलाई पठाएको छ । जबकि, आयोगले पुनरावलोकनको निर्णय १५ दिनभित्र गरि सक्नुपर्ने कानूनी बाध्यता छ ।

तर, ३१ भदौमा मात्रै आयोगले नेपाल विद्युत प्राधिकरणलाई जवाफी पत्र लेख्यो, जसमा ६ साउनको निर्णय संशोधन गरेको विषयमा केही पनि उल्लेख छैन । बरु डेडिकेटेड एवम् ट्रंक लाइनका सन्दर्भमा प्राधिकरणबाटै उपयुक्त रणनीति चयन गरी विवादित विद्युत् महसुल अशुली/फरफारक गर्नुपर्ने निर्णय गरेको उल्लेख छ । त्यसो हुँदा आयोगले पहिलो- आयोगले डेडिकेटेड र ट्रंक लाइनको हकमा २६ भदौमा गरेको निर्णय र ३१ भदौमा लेखेको पत्रको कानूनी आधार नै स्थापित हुन सक्दैन ।

प्रक्रियागत रुपमा आयोगले १५ दिनभित्रै निर्णय गर्नुपर्नेमा त्यो हुन नसकेको आयोगका कानून हेर्ने सदस्य झमकप्रसाद शर्माले पनि स्वीकार गरे । न्यायिक आदेश जारी गर्ने कार्य १५ दिनमा नभ्याइएकाले पछि निर्णय गरिएको उनको दाबी छ । 'म्याद गुजारेर गरेको निर्णय कसरी वैध हुन्छ त? भन्ने प्रश्नमा शर्माले त्यो वैध हुने दाबी गरे । नभ्याइएकाले म्याद जुग्रेकाले त्यो वैध नै हुन्छ भन्ने उनको तर्क छ । दोस्रो- २६ भदौमा भएको आयोगको निर्णयमा ६ साउनमा निर्णय संशोधन भएको उल्लेख छैन । यस्तो अवस्थामा ६ साउनको निर्णय कायमै रहेको मान्नुपर्ने ऊर्जा मन्त्रालयका एक उच्च अधिकारी बताउँछन् । तर, प्राधिकरणले ६ साउनको निर्णयको सन्दर्भमा पत्र लेखेको र त्यसमा निर्णय गरेकाले त्यो पुनरावलोकन नै भएको शर्माको दाबी छ । यसअघि ६ साउनको निर्णय संशोधन नै नगरेको आयोग बुधवार पुन: सक्रिय भयो र प्राधिकरणलाई एक पत्र लेख्यो, जसमा डेडिकेटेड एवम् ट्रंक लाइनको विद्युत् महसुल नेपाल विद्युत् प्राधिकरणले तोकिदिए बमोजिम किस्ताबन्दीमा भुक्तानी गर्नुपर्ने उल्लेख छ ।

'नेपाल सरकार (मन्त्रिपरिषद्) को २०८१/१/२७ को निर्णयमा उल्लेख भएको २०७२ माघदेखि २०७५ वैशाखसम्मको अवधिको विवादित डेडिकेटेड फिडर र ट्रङ्कलाइनको बक्यौता विद्युत महसुलको हकमा मात्र सम्बन्धित उपभोक्ताबाट आवधिक रूपमा असुलर फरफारक गर्ने गरी तहाँ प्राधिकरणबाटै उपयुक्त अनुपातमा रकम तोकिदिने र यसअघि महसुल नबुझाएको कारणबाट लाइन काटेको भए तापनि सम्बन्धित ग्राहकले त्यस्तो आवधिक रकम बुझाएपछि तत्कालै विद्युत लाइन जोडिदिने,' निर्देशन सो पत्रमा छ । आयोगको सो निर्णय कायमै रहेको बखत विद्युत् प्राधिकरणले पुन: लाइन काटिदिनु कानूनविपरीत हुने भन्दै उद्योगीहरुले मंगलवार आयोगमा निवेदन दिएका थिए । तर, आयोगले प्राधिकरणको पक्षमा पत्र पठाएको हो ।

**मुख्यसचिवसँग भएको सहमतिविपरीत पत्र**

मुख्यसचिव एकनरायण अर्यालले आयोगका अध्यक्ष, सदस्य तथा नेपाल सरकारका सचिवहरुसँग डेडिकेटेड र ट्रंक लाइन विवादका विषयमा छलफल गर्न बैठक बोलाएका थिए । अनौपचारिक रुपमा भएको सो बैठकमा नियमन आयोगले विवादित बक्यौताको ५ प्रतिशत धरौटीका रुपमा उद्योगीहरुले राखिदिने, त्यसपछि प्राधिकरणले लाइन लोडिदिने, विवादित रकमबारे अधिकारप्राप्त निकायले छानबिन गर्ने र त्यसले तिनूपर्ने ठहर गरे धरौटी रकम समायोजन हुने तिर्नु नपर्ने ठहर गरे फिर्ता हुने किसिमको निर्देशन दिने सहमति भएको थियो ।

# पूर्वमुख्यसचिव वैकुण्ठ अर्यालले पाए भ्रष्टाचार मुद्दामा सफाइ

काठमाडौं/सुरक्षण मुद्रण केन्द्रबाट अन्तशुल्क स्टिकर छाप्न निजी कम्पनीलाई ठेक्का दिएको भ्रष्टाचार मुद्दामा विशेष अदालतले पूर्वमुख्यसचिव वैकुण्ठ अर्याललाई सफाइ दिएको छ ।

बुधबार विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर, सदस्यहरु खुशीप्रसाद थारु र रितेन्द्र थापाको इजलासले व्यक्ति र कम्पनी गरी १२ प्रतिवादी रहेको मुद्दामा अर्याललाई सफाइ दिएको हो ।

यो मुद्दामा विकल पौडेल र सफल श्रेष्ठलाई भने विशेष अदालतले दोषी ठहर गरेको छ । उनीहरुलाई सजाय निर्धारण भने २५ मंसिरमा हुने विशेष अदालतका सूचना अधिकारी यज्ञराज रेग्मीले जानकारी दिए । सुरक्षण मुद्रण केन्द्रबाट निजी क्षेत्रलाई अन्तशुल्क स्टिकर छाप्न ठेक्का दिँदा भ्रष्टाचार गरेको आरोपमा अख्तियारले उनीहरुविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको थियो ।

भ्रष्टाचार मुद्दा दायर भएपछि तत्कालिन मुख्यसचिव अर्याल निलम्बनमा परेका थिए र सरकारले उनको दरबन्दी राष्ट्रिय योजना आयोगमा विशेष पद स्थापना गरी सरुवा गरेको थियो । अन्तशुल्क स्टिकर छपाईमा अनियमितता गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ९ असार, २०८१ मा मुख्यसचिव डा. बैकुण्ठ अर्यालसहित १२ जना विरुद्ध भ्रष्टाचारमुद्दा दायर गरेको थियो ।

अख्तियारले मुख्यसचिव अर्याललाई सञ्चार सचिव हुँदा सुरक्षण मुद्रण केन्द्रको सञ्चालक समितिको अध्यक्षको हैसियतले पदको दुरुपयोग गरी भ्रष्टाचार गरेको आरोप लगाएको थियो । अख्तियारले अर्याल सहित आन्तरिक राजस्व विभागका तत्कालिन महानिर्देशक रितेशकुमार शाक्य, उपमहानिर्देशक टंक प्रसाद पाण्डेय, निर्देशक गणेशविक्रम शाही, शाखा अधिकृत रविन्द्र प्राद पौड्याल विरुद्ध पनि मुद्दा लगाएको थियो ।

सुरक्षण मुद्रण केन्द्रका तत्कालिन कार्यकारी निर्देशक विकल पौडेल, तत्कालिन निर्देशक सफल श्रेष्ठ, तत्कालिन खरिद विज्ञ शक्तिप्रसाद श्रेष्ठ, शाखा अधिकृत हरिबल्लभ घिमिरे, लेखा अधिकृत विष्णुप्रसाद गौतम र प्रिन्टसेल प्रालिका निर्देशक एवं सञ्चालक केशव शर्मा विरुद्ध पनि मुद्दा दायर भएको थियो ।

यीमध्ये सुरक्षण मुद्रण केन्द्रका तत्कालिन कार्यकारी निर्देशक पौडेल र तत्कालिन निर्देशक श्रेष्ठमात्र दोषी ठहर भएका हुन् ।

**के थियो मुद्दा ?**

आन्तरिक राजस्व विभागले सुरक्षण मुद्रण केन्द्रमा अन्तशुल्कका स्टिकर छाप्ने निर्णय गरी सम्झौता गरेको थियो । सम्झौता विपरीत तेस्रो पक्षलाई स्टिकर छाप्न दिएर अनियमितता गरेको अख्तियारको आरोप थियो ।

अति संवेदनशील र राष्ट्रको अर्थतन्त्रसँग प्रत्यक्ष सरोकार राख्ने स्टिकर छाप्ने काम निजी कम्पनीलाई दिनु गलत भएको अख्तियारको दाबी थियो । स्टिकरका लागि कागज र टोनर खरिद गरि सकेपछि सुरक्षण मुद्रण केन्द्रले आफुनै मेसिनबाट स्टिकर छाप्नुपर्नेमा अरुलाई ठेक्का दिनु गलत भएको अख्तियारको जिकिर थियो ।

सुरक्षण मुद्रण केन्द्रले प्रिन्टसेललाई स्टिकर छाप्ने जिम्मेवारी दिएपछि २० प्रतिशत रकम पेश्की दिएको थियो । स्टिकर छाप्न ६ करोड ८४ लाख रुपैंया भुक्तानी भइसकेको थियो । त्यो बाहेक स्टिकर ठेक्का दिदाको समग्र रकम दुरुपयोग भएको भन्दै अख्तियारले बजेटमा उल्लेखित ३८ करोड ६७ लाख रुपैयाँ नै भ्रष्टाचार भएको दावी गरेको थियो ।

**पूर्वाधारविना नै स्टिकर छपाइ**

आन्तरिक राजस्व विभागले अन्तशुल्कका स्टिकर छाप्न सुरक्षण मुद्रण केन्द्रलाई जिम्मा दिने निर्णय गरेकामा केन्द्रले फेरि प्रिन्ट सेल नामक कम्पनीलाई ठेक्का दिएको थियो । प्रतिस्टिकर ९० पैसाका दरले ४३ करोड ३२ लाख स्टिकर छाप्न ३८ करोड ६७ लाख रुपैयाँको ठेक्कासम्झौता भएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# 'पूर्ण बहादुरको सारङ्गी'लाई मल्टीप्लेक्समा सुखद् शो, तिहार विदाको फाइदा उठाउला ?

काठमाडौं/यसपालिको दशैंमा आएका चार फिल्ममध्ये '१२ गाउँ' र 'छक्का पञ्जा ५'ले घरेलु बक्स अफिसमा सुनामी नै ल्याए । दशैं विदाभरि दुवै फिल्मले आक्रामक व्यापार गरेका थिए । अझै पनि हलहरुमा यी दुई फिल्मकै दबदबा छ । तिहार विदामा समेत व्यापार मा उछाल देखिन सक्ने प्रक्षेपण गरिएको छ ।

यसैबीच, बिहीबार लक्ष्मी पूजाबाट भने फिल्म 'पूर्ण बहादुरको सारङ्गी' प्रदर्शनमा आउँदैछ । रिलिजको हिसाबले एक्लै भए पनि फिल्मलाई चुनौती ठूलो छ । एकातिर '१२ गाउँ' र 'छक्का पञ्जा ५'को 'थ्रेट' छ भने अर्कोतिर शुक्रबारबाट प्रदर्शनमा आउन लागेका बलिउडका दुई ठूला सिक्वेल फिल्म 'सिंघम अगेन' र 'भूल भुलैयाँ ३'सँग बक्स अफिसमा प्रतिस्पर्धा गर्नुपर्नेछ ।

दशैंका दुई नेपाली फिल्म र तिहारका दुई बलिउड फिल्मका कारण 'पूर्ण बहादुरको सारङ्गी'ले मल्टीप्लेक्सहरुमा पर्याप्त शो पाउन सकेको छैन । यद्यपि, फिल्मलाई प्राप्त शो संख्या सुखद् नै छ । फिल्मले देशभर १ सय २० हाराहारी शो पाएको देखिन्छ । देशकै ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले काठमाडौंसहित आफुनो दशवटा आउटलेटमा फिल्मलाई ३८ शो दिएको छ ।

त्यस्तै, दोस्रो ठूलो मल्टीप्लेक्स आईएनआईले फिल्मलाई तीनवटा आउटलेटमा ९ शो दिएको छ भने काठमाडौंका वान सिनेमाजले दुईवटा आउटलेटमा ६ शो, एफक्यूब, बिएसआर मुभिज र बिग मुभिजले समान ३/३ शो, रञ्जना सिनेप्लेक्स र सिडिसी सिनेमाजले समान ५/५ शो र कीर्तिपुर सिनेमाजले २ शो दिएका छन् । अब प्राप्त शोलाई अकुपेन्सीमा बदल्नुपर्ने चुनौती फिल्मलाई रहनेछ ।

तिहारमा पाँच दिन लामो विदा छ । 'वर्ड अफ माउथ' बलियो रहेको अवस्थामा फिल्मले तिहार विदाको राम्रो फाइदा उठाउन सक्छ । दशैंमा नेपाली फिल्मप्रति देखिएको दर्शकीय आकर्षण हेर्दा तिहारमा पनि त्यो सम्भावना देखिन्छ । तर, शुक्रबार आउन लागेका बलिउडका दुई ठूला फिल्मसँगको प्रतिस्पर्धा 'पूर्ण बहादुरको सारङ्गी'लाई सहज भने छैन ।

गन्धर्व समुदायको कथामा आधारित भएर बनेको फिल्ममा विजय बराल शीर्ष भूमिकामा छन् । उनले मुख्य भूमिकामा अभिनय गरेको यो पहिलो फिल्म हो । यसअघि उनी सहायक भूमिकामा देखिँदै आएका थिए । यसमा उनको छोराको भूमिकामा गायक समेत रहेका प्रकाश सपूतले अभिनय गरेका छन् । सरोज पौडेलको निर्देशनमा तयार भएको फिल्ममा अञ्जना बराइली, मुकुन भुषाल, बुद्धि तामाङ, देशभक्त खनाल लगायतको पनि अभिनय छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# विपद्ले बागमती प्रदेशका ४३५ विद्यालयमा क्षति

साझाकुरा संवाददाता

हेटौंडा, १४ कात्तिक/ बागमती प्रदेशमा असोज दोस्रो साताको बाढीपहिरोले बागमती प्रदेशका ४ सय ३५ विद्यालयमा क्षति पुऱ्याएको छ । प्रदेश शिक्षा विकास निर्देशनालय हेटौंडाका अनुसार बाढीपहिरोले सबैभन्दा बढी काभ्रेमा ११ पालिकाका १ सय ४९ विद्यालयमा क्षति पुगेको छ ।



क्षति पुगेका अधिकांश विद्यालयमा असोज १२ देखि नै पठनपाठन ठप्प छ । धादिङमा ९ पालिकाका ६० विद्यालय भवनमा बाढीपहिरोले क्षति गरेको छ । सिन्धुलीमा ६ पालिकाका ४५ विद्यालय भवन भत्किनुका साथै पहिरोले पुरेको छ । ललितपुरमा ५ पालिकाका ३९, रामेछापमा ८ पालिकाका ३८ र मकवानपुरमा ६ पालिकाका २८ विद्यालयमा क्षति पुगेको छ ।

भक्तपुरमा ४ पालिकाका २३, नुवाकोटमा ६ पालिकाका १०, दोलखामा ५ पालिकाका ८, सिन्धुपाल्चोकमा ६ पालिकाका ८, रसुवामा ३ पालिकाका ६ र चितवनको १ विद्यालयमा बाढीपहिरोले क्षति गरेको निर्देशनालयको तथ्यांक छ । क्षतिग्रस्त विद्यालयको अवस्था अध्ययनका लागि प्राविधिकसहित ५ टोली सम्बन्धित पालिकामा पठाएर कात्तिक मसान्तसम्म प्रतिवेदन तयार गरिने निर्देशनालयका महानिर्देशक दीपेन्द्र सुवेदीले जानकारी दिए । 'यथार्थ रिपोर्ट आएपछि मर्मतसम्भार र निर्माण सुरु हुन्छ,' उनले भने ।

यसैगरी, बागमती प्रदेशमा विपद्बाट ९३ सवारीसाधन तथा २० उद्योग क्षतिग्रस्त भएको छ । यस अवधिमा विभिन्न जिल्लाका ८३ विद्यालय र १२ वटा सरकारी कार्यालयमा क्षति पुगेको हो । बाढी, पहिरोजन्य विपद्बाट यो अवधिमा ४८ वटा पक्की तथा झोलुङ्गे पुलमा क्षति पुग्दा विपद्बाट तीन अर्ब ४४ करोड ५३ लाख ६१ हजार ९ सय ६० रुपैयाँ मूल्य बराबरको धनमालको क्षति भएको बागमतीप्रदेश प्रहरी कार्यालय हेटौंडा मकवानपुरले जनाएको छ ।

बाढी, पहिरो, डुबान, आगलागीजस्ता विपद्बाट चालु आर्थिक वर्ष २०८१/८२ को तीन महिनामा काठमाडौं उपत्यकाबाहेक १० जिल्लामा एक सय ९१ जनाको ज्यान भएको छ । सबैभन्दा बढी क्षति अघिल्लो महिना असोज १०, ११ र १२ गतेको वर्षाका कारण आएको बाढी, पहिरो र डुबानमा परी भएको छ । एक सय ७७ जनाको ज्यान गएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडा मकवानपुरले जनाएको छ ।

# शिवम् सिमेन्ट उद्योगमा कार्यरत भारतीय मजदुरको मृत्यु



साझाकुरा संवाददाता

हेटौंडा, १४ कात्तिक/ हेटौंडा उपमहानगरपालिका-१७, स्थित शिवम् सिमेन्ट उद्योगको सिमेन्ट उत्पादनमा कार्यरत् भातरीय मजदुरको मृत्यु भएको छ ।

भारत ईलाहाबाद घर भएका अन्दाजी २८ वर्षीय डाक्टर वनबासीको मृत्यु भएको मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालले जानकारी दिए । प्रहरीचौकी हटियाकाअनुसार मृतक वनबासीलाई २-४ दिन अगाडिदेखि ज्वरो आएको र उपचारका लागि हेटौंडा हस्पिटलमा लैजाँदा चिकित्सकले आज बुधवार दिउँस मृतघोषणा गरेको प्रजिअ चिलुवालले बताए ।

मृतक वनबासीलाई उनका भाइ लवकुश बनवासीले हेटौंडा अस्पताल लगेका थिए । उनी भारत घर भएका सन्तोष नाम गरेका ठेकेदार मातहत रहेर उद्योगमा कार्यरत् रहेको उद्योगमा सुरक्षाको जिम्मेवारी हेर्दे आएका राम कंडेलले जानकारी दिए ।

घटनाबारे थप अनुसन्धान लागि जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट प्रहरीनिरीक्षक विश्वम्भरनाथ साहको कमाण्डमा अनुसन्धान टोली खटाइएको मकजानपुर प्रहरीप्रवक्ता प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिए । मृतक वनबासीको शव हेटौंडा अस्पतालमा रहेको छ ।

# थाहानगरमा आउँदै प्रचण्ड

साझाकुरा संवाददाता

हेटौंडा, १४ कात्तिक/ नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' मकवानपुरको उत्तरीक्षेत्रस्थित थाहानगर आउने भएका छन् ।

माओवादी केन्द्रको सहायक संगठन वाइसियल नेपाल थाहानगर कमिटीको दोस्रो सम्मेलन उद्घाटन गर्न प्रचण्ड थाहानगर आउने भएका हुन् । सम्मेलन यही कात्तिक २४ गते शनिबार थाहानगरको ईन्द्रायणीमाइ चौरमा हुँदैछ ।

# स्कूलरोडमा शान्ति अप्टिकलको 'आइ अप्टिक्स' चस्मा पसल

साझाकुरा संवाददाता

हेटौंडा, १४ कात्तिक/ हेटौंडा उपमहानगरपालिका-१०, स्थित आँखा हस्पिटलबाट विगत लामो समयदेखि सेवा प्रदान गरिरहेको शान्ति अप्टिकल सेन्टरले हेटौंडा-४ को स्कूलरोडमा पनि आफ्नो शाखा विस्तार गरेको छ ।

'आइ अप्टिक्स' नामक चस्मा पसलको उद्घाटन बुधबार हेटौंडा स्कूल अफ म्यानेजमेन्टका प्रिन्सिपल पुरनबहादुर जोशीले गरे । कार्यक्रममा प्रमुखअतिथि जोशीले भने, 'कुनै पनि काम गर्दा जबरजस्ती होइन, दिलले गर्नुपर्छ । काम गर्दा जबरजस्ती शब्दलाई सच्याएर जबरजस्त तरिका अपनाउँदा सफलता मिल्ने छ ।'

'स्कूलरोड पछिल्लो समय व्यवसायिक हिसावले मुख्यथलोको रुपमा बन्दै गइरहेको छ' सञ्चालक सुदीप ठकुरीले भने, 'पसलमा युवादेखि पाकापुस्तासम्मलाई सुहाउँदो र आवश्यताअनुसारका चस्मा उपलब्ध छन् ।' बजारमा फेसनमा आएका र चलेका ब्राण्ड यहाँ उपलब्ध गराइको उनले बताए । सस्तोदेखि माथिल्लो मूल्यसम्मका चस्मा विक्रीका लागि राखिएको उनको भनाई छ ।

चाडपर्वलाई लक्षित गरी हरेक चस्मा खरिदमा २० प्रतिशत छुटसुविधा दिइएको उनले बताए । चस्माको पावर जाँच गरेर विक्री गरिने भएकाले आँखा कमजोर भएका मानिसलाई सहजता हुने ठकुरीको भनाइ थियो ।

# सुरपारेटारमा सैन्य आधारभूत तालिमको अन्तिम दलेल कवाज प्रदर्शन

साझाकुरा संवाददाता

हेटौंडा, १४ कात्तिक/ मध्यपृतना हेडक्वाटरद्वारा संचालित सि.सं. १२ सैन्य आधारभूत तालिमको बुधवार भीमफेदी गाउँपालिका-१ स्थित सुपारेटारमा अन्तिम दलेल कवाज प्रदर्शन भएको छ ।

९ महिने सैन्य आधारभूत तालिमको बुधबार समापन गरिएको हो । तालिमको समापन पृतनापति उपरथी प्रदीपजंग केसीको प्रमुख आतिथ्यतामा भएको हो । कार्यक्रममा उनले तालिम उत्तीर्ण गरेका १०३ जना जवानलाई शुभकामना दिँदै नेपाली सेना, राष्ट्र, राष्ट्रियता र नेपाली जनताप्रति पूर्णबफादार हुन आग्रह गरे ।

नेपाली सेनाले आफूमा रहेको सीप, कला र कौशललाई राष्ट्रको संरक्षणको लागि आत्मसात गरेर अघि बढ्नुपर्ने भन्दै राष्ट्रको सार्वभौम र संविधानप्रति कर्तव्यनिष्ठ भई सेवाभावले अघि बढ्न निर्देशन दिए ।

सैन्यबाट तालिम प्राप्त गरी सिपाहीको स्थायी सेवा प्राप्त गरेका जवानलाई दर्जानीचिन्ह प्रदान गरिएको थियो । दर्जानीचिन्ह प्राप्त गरेलगत्तै सैन्यबाट सिपाही भएकाहरुले शपथग्रहण गरेका थिए ।

यसैगरी, दलेल कवाज प्रदर्शनमा उत्कृष्ट अंक ल्याउनेहरुलाई पुरस्कार प्रदान गरिएको थियो । पुरस्कार प्राप्त गर्नेहरुमा सागर राई, नीराजन बोहरा, विपिन राई, र मेश जबेगु, मिलन मगर र सौगात राई रहेका छन् ।

उनीहरु सबैलाई प्रमुखअतिथि पृतनापति केसीले पुरस्कार हस्तान्तण गरेका थिए । यस्तै, पृतनापति केसीले गोरखबहादुर गण मकवानपुरका प्रमुखसेनानी सुबास दाहाललाई पनि सम्मानपत्र प्रदान गरेका थिए ।

कार्यक्रममा आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव पूणबहादुर दर्जी, मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवाल, तीनवटै सुरक्षा निकायका उच्चप्रमुखहरु, विभिन्न स्थानीय तहका प्रतिनिधि, सञ्चारकमीको सहभागिता रहेको थियो ।

# हेटौंडाबाट लागूऔषसहित दुईजना पक्राउ

साझाकुरा संवाददाता



हेटौंडा, १४ कात्तिक/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले लागूऔषधसहित छुट्टाछुट्टै स्थानबाट दुईजनालाई पक्राउ गरेको छ । हेटौंडा-९ र हेटौंडा-१५ बाट लागूऔषधसहित दुईजनालाई पक्राउ गरेको मकवानपुरका प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले जानकारी दिए ।

प्रहरीले ७० क्यापसुल लागूऔषध ट्रामाडोलसहित मंगलबार हेटौंडा-९, लामसुरे हाईटबाट एकजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा रौतहटको देवाहीगोनाह नगरपालिका-२ घरभई हाल हेटौंडा-९ मा डेरागरी बस्ने वर्ष २३ को शिवशंकर पाण्डे रहेका छन् । उनलाई इलाका प्रहरी कार्यालय पशुपतिनगरबाट खटिएको प्रहरीटोलीले लागूऔषधसहित पक्राउ गरेको प्रहरी नायवउपरीक्षक अर्यालले बताए ।

यस्तै, प्रहरीले ७५ एम्पुल लागूऔषध डाईजेपामसहित मंगलबार नै हेटौंडा-१५, रातोमाटे चेकपोइन्टबाट एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा बाराको जीतपुरसिमरा उपमहानगरपालिका-१२ बस्ने वर्ष २५ को मनोज साह रहेका छन् । उनलाई प्रहरीचौकी रातोमाटे मकवानपुरबाट खटिएको प्रहरीटोलीले पक्राउ गरेको हो ।

प्रहरी नायवउपरीक्षक अर्यालका अनुसार, बीरगंजबाट हेटौंडातर्फ आउँदै गरेको मधेश प्रदेश ०३-००१ ज ०४३१ नं. को यात्रुबाहक ईभी गाडीलाई चेकजाँच गर्दा उनको साथबाट यो परिणामको लागूऔषध बरामद भएपछि निजलाई पक्राउ गरिएको हो । ती दुबै घटनाको बारेमा प्रहरीले आवश्यक अनुसन्धानका साथै कानूनी प्रक्रिया अगाडि बढाएको छ ।

हार्दिक शुभकामना
शुभ दिपावली, नेपाल सम्बत
एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण
शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, सहयोगी,
शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र
समृद्धिको हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
अनिल पाण्डे (सं. अध्यक्ष) | श्री बहादुर कार्की (प्रिन्सिपल) | रमिता पाण्डे (वि.व्य.स. अध्यक्ष)
एवम्
हेटौंडा सिटी कलेज/जेनिथ इन्टरनेशनल एकेडेमी, परिवार

हार्दिक शुभकामना
शुभ दिपावली, नेपाल सम्बत
एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर
सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु,
कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
हामी कहाँ विवाह, ब्रतबन्ध तथा शुभ कार्यका लागि चाहिने दूध, दही तथा दूधजन्य परिकार सुपथ मूल्यमा पाइन्छ ।
हरिप्रसाद कँडेल
(अध्यक्ष)
जिल्ला दुग्ध उत्पादक सहकारी संघ, परिवार
हेटौंडा-१, चौकीटोल

हार्दिक शुभकामना
शुभ दिपावली, नेपाल सम्बत एवं
छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर
सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु,
कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति
र समृद्धिको हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
पालुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लि., परिवार
पालुङ्ग, मकवानपुर

हार्दिक शुभकामना
शुभ दिपावली, नेपाल सम्बत
एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण
शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, सहयोगी,
शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र
समृद्धिको हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
प्रबोध बिडारी (प्रधानाध्यापक)
एवम्
निर्मल माध्यमिक विद्यालय, परिवार
हेटौंडा-११, बस्तीपुर

दीपावली गर्दा सतर्क रहौं
दीपावलीको समयमा:
☞ मैनबत्ती, दियो तथा विद्युतीय बत्ती प्रयोग गर्दा आगजनी हुन सक्छ,
त्यसबाट बच्न:
☞ दियो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौं,
☞ बालबालिकाले भेट्ने गरी दियो, मैनबत्ती लगायतका प्रज्वलनशील पदार्थ नराखौ,
☞ पर्दा वा झ्याल ढोकाको नजिकै तथा काठका फर्निचर माथि दियो तथा मैनबत्ती नबालौं,
☞ मैनवत्ती, दियो बालिसकेपछी ननिभेसम्म निगरानी गरौं,
☞ धेरै विद्युतीय बत्तिको प्रयोग गर्दा ओभरलोडका कारण विद्युत सट भई आगलागी हुन सक्छ,
☞ एक्सटेन्सन प्लगको क्षमताअनुसार मात्र वत्तिको प्रयोग गरौं,
☞ पटाका तथा अन्य प्रज्वलनसील बस्तुको प्रयोग नगरौं,
आगजनीबाट बचौं र बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरु:
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना